नेपाल सरकार
# महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

पत्र संख्या :
चलानी नं. :

## प्रेस विज्ञप्ति

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाको हालैको मौसम सम्बन्धी पूर्वसूचना अनुसार देशका विभिन्न भागमा यही असोज ९ देखी ११ गते सम्म हुने निरन्तर भारी वर्षाका कारण बाढी, पहिरो तथा डुबानको जोखिम उच्च रहेको छ। यस्तो आपत्कालीन तथा विपद्को परिस्थितिमा महिला, बालबालिका, ज्येष्ठ नागरिक एवम् अपाङ्गता भएका व्यक्तिहरू थप संवेदनशील र जोखिममा पर्ने सम्भावना उच्च रहने गर्दछ। यस विषम अवस्थालाई ध्यानमा राख्दै महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय सम्पूर्ण नागरिक, स्थानीय तह, विपद् व्यवस्थापन समिति, नागरिक समाज तथा सम्पूर्ण सरोकारवाला निकायहरूलाई विशेष सजगता र उच्च पूर्वतयारीका साथ सजग रहन हार्दिक अपिल गर्दछ।

विपद्को यस समयमा जोखिमयुक्त क्षेत्रका बासिन्दाहरूले मौसमसम्बन्धी अद्यावधिक सूचना नियमित रूपमा लिई पूर्वसतर्कता अपनाउनुहुन तथा उद्धार, राहत एवम् सुरक्षित स्थानमा स्थानान्तरण गर्दा बालबालिका, गर्भवती, सुत्केरी, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष प्राथमिकता दिनुहुन अनुरोध छ। प्रतिकूल समयको लाभ उठाउदै कतिपयले बालबालिकाको पालनपोषण, शिक्षादिक्षाको बहानामा अवैध ओसारपसार गर्न सक्ने तर्फ सजग रहनु हुनका साथै यस किसिमका क्रियाकलापहरु, विपद्बाट प्रभावित बालबालिकाहरुका लागि कुनै पनि प्रकारको आपत्कालीन सहयोग, उद्धार वा संरक्षणसम्बन्धी सेवा आवश्यक परेमा वा जानकारी दिनुपरेमा राष्ट्रिय बाल अधिकार परिषद् (NCRC) को बाल हेल्पलाइन टोल फ्री नम्बर १०९८, सूचना अधिकारी राम बहादुर चन्द फोन नम्बर (९८४१३८६८७१), नेपाल प्रहरीको खोजतलास केन्द्रको टोल फ्री नम्बर १०४, मन्त्रालय बाल संरक्षण शाखाका उपसचिव श्री दुर्गा प्रसाद चालिसे (९८४३२०१११२) तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको टोल फ्री नम्बर ११३४ मा तुरुन्त सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

विपद्को सामना एकजुट भई गरौं र जोखिममा रहेका वर्गको सुरक्षा एवम् संरक्षणमा विशेष ध्यान दिऔं।

२०८२।६।८

बसन्त भट्टराई

उपसचिव/सूचना अधिकारी